बैठक संख्या: ५५

आज मिति २०८३ साल जेष्ठ महिनाको ३१ गतेका दिन यस वुढीगंगा नगरपालिकाका नगर प्रमुख श्री राम बहादुर बानियाँ ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको चालू आ.व. २०८२/०८३ को आठौ बैठक बसी तपसिलको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

तपंशिल:

| हस्ताक्षर | क्र.स. | नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | १. | श्री राम बहादुर बानियाँ | नगर प्रमुख | ९८५८४८३९९१ |
| | २. | श्री माया खड्का कुँवर | नगर उपप्रमुख | ९८४८५४०३७२ |
| | ३. | श्री रण वहादुर थापा | १ नं. वडा अध्यक्ष | ९८४१७०८४६७ |
| | ४. | श्री पदम वहादुर भण्डारी | २ न. वडा अध्यक्ष | ९८४८४८०२८६ |
| | ५. | श्री खडक बहादुर अधिकारी | ३ नं. वडा अध्यक्ष | ९८४८६०९२३० |
| | ६. | श्री मिन वहादुर शाह | ४ नं. वडा अध्यक्ष | ९८६८८१३२३२ |
| | ७. | श्री चक्र वहादुर थापा | ५ नं. वडा अध्यक्ष | ९८४७२८२१७० |
| | ८. | श्री हेमराज जैसी | ६ नं. वडा अध्यक्ष | ९८४८६४४७२५ |
| | ९. | श्री भवन सिं के.सी. | ७ नं. वडा अध्यक्ष | ९८६५६६८२९५ |
| | १०. | श्री रमेश वहादुर रावल | ८ नं. वडा अध्यक्ष | ९८४८६४८४९२ |
| | ११. | श्री मिन वहादुर सिंह | ९ नं. वडा अध्यक्ष | ९८६७७३९६४६ |
| | १२. | श्री दल बहादुर सावद | १० नं. अध्यक्ष | ९८५८५११९०१ |
| | १३. | श्री प्रेम बहादुर दमाई (नेपाली) | कार्यपालिका सदस्य | ९८६४९९४४९३ |
| | १४. | श्री सर्पजित सार्की | कार्यपालिका सदस्य | ९८४८६४५०३४ |
| | १५. | श्री विष्णु उखेडा | कार्यपालिका सदस्य | ९८६५५६०८६७ |

CamScanner

बुढीगंगा नगरपालिकाको ५४ औं तथा आ. व. २०८२/८३ को आठौं वैठकमा प्रस्तुत प्रस्तावहरु:

१) आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत सम्बन्धमा ।

२) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा खर्च भएको थप रकमको लागि शिर्षक सुनिश्चितता सम्बन्धमा ।

३) स्थास्थ्य शिखर सम्मेलनमा आर्थिक सहयोग सम्बन्धमा ।

४) अख्तियारी सम्बन्धमा ।

५) नगर सभाका समिति गठन सम्बन्धमा ।

क) कार्य व्यवस्था परामर्श समिति

ख) सुशासन तथा विकास समिति

६) अस्थायी/करार/ज्यालादारी कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

७) म्याद थप सम्वन्धमा ।

८) विविध सम्वन्धमा ।

क) अनुसन्धान सम्वन्धमा ।

ख) रसायनिक मल सम्वन्धमा ।

ग) शोक प्रस्ताव सम्वन्धमा ।

.................

राम बहादुर बानियाँ

नगर प्रमुख

निर्णय नं १ :

बुढीगंगा नगरपालिकाको १४ औं बजेट अधिवेशन केन्द्रित आर्थिक वर्ष २०८३/०८४ का लागि बार्षिक नीति तथा कार्यक्रम बुढीगंगा नगरपालिकाको सभाहलमा यही मिति २०८३ असार ५ गते शुक्रवारका दिन विहान ११ वजे नगरसभा सदस्यको उपस्थितिमा प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं २ :

बुढीगंगा नगरपालिकाको आयोजनामा भएको नगर स्तरीय राष्ट्रपती रनिङ शिल्डको संचालन तथा जिल्ला स्तरिय राष्ट्रपती रनिङ शिल्ड प्रतियोगितमा भएको व्यवस्थापकिय खर्च, खाना खाजा खर्च, खेलाडी तथा प्रशिक्षक ड्रेस, यातायात, विजेता खेलाडिको पुरुस्कार र औषधी उपचारमा भएको सम्पूर्ण खर्चको वास्तविक विवरण तथा प्रतिवेदन वमोजिम विनियोजित शिर्षकमा अपुग भएको रु.२,९९,०४२ रकम भुक्तानीका लागि सामाजिक विकास समितिको अध्ययन सिफारिस पश्चात चालु आ. व. को शिक्षा क्षेत्रमा विनियोजन भएको बजेटबाट व्यभार हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ३ :

बाजुरा जिल्लाका टेलिमेडिसियन सेवा संचालन भएका पालिका लाई लक्षित गरी यस संग सम्वन्धित विषयमा स्वास्थ्य शिखर सम्मेलनको उदघाटन कार्यक्रम बुढीगंगा नगरपालिकामा संचालन हुने भएकाले उक्त कार्यक्रमको सम्पूर्ण व्यवस्थापकिय कार्य आयोजकले गर्ने र सेवा संचालन भएका नगरपालिकाबाट सम्झौता बमोजिम रु.३,००,०००। तीन लाख चालु आ व मा यंस नगरपालिकाको स्वास्थ्य सम्बन्धी शिर्षकमा विनियोजित रकम मध्यबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ४ :

आर्थिक वर्ष २०७८/०७९ सालको प्रदेश समपुरक अनुदान अन्तर्गत वडा नं ६ बाम्का-नगरपालिका सडक खण्डको सायल खण्डमा सडक निर्माणका लागि बुढीगंगा नगरपालिका बाट टेन्डर तथा सम्झौता भई कार्यसम्पन्न भएकोमा विविध कारण उक्त वर्ष नगरपालिकाले भुक्तानी दिन नसकेकोमा निर्माण व्यवसायीको तर्फबाट हालसम्म पनि प्रदेश सरकार तथा स्थानीय सरकारले कुनै सुनुवाई नभएको भनी सम्मानित अदालतमा मुद्दा दायर भई सो सम्वन्धमा जवाफ माग भएकोमा सो सम्बन्धी कार्य गर्न अधिवक्ता श्री तुलाराम जैशीलाई यस नगरपालिकाको पक्षबाट वारेसनामा दिने निर्णय गरियो ।

निर्णय नं ५ :

बुढीगंगा नगरपालिकाको १४ औ बजेट अधिवेशनको तयारीका लागि यस अघी गठन हुन बाँकी तपशिल बमोजिमका समिति गठन गर्ने निर्णय गरियो ।

क) कार्य व्यवस्था परामर्श समिति

१) राम बहादुर बानियाँ - अध्यक्ष
२) माया खड्का कुवर - सदस्य
३) हेमराज जैशी - सदस्य
४) वसन्ती पाध्याय - सदस्य
५) दिपक भण्डारी - सदस्य

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | डा. किरण बहादुर थापा | डाक्टर | बुढीगंगा आधारभुत अस्पताल | स्केल बमोजिम | | | |
| शिक्षक तथा वालविका सहयोगी | | | | | | | |
| १ | सुरेन्द्र साउद | नि मा अंग्रेजी शिक्षक | धुरालसैन मा वि | फागुन १ | असाढ मसान्त | ९०० | २२ दिन |
| २ | दल बहादुर नेपाली | प्राथमिक अंग्रेजी | वसन्त बालमैत्री आ वि | फागुन १ | असाढ मसान्त | ८०० | २२ दिन |
| ३ | उजेली मिजार | वालविकास | झालि प्रा वि | फागुन १ | असाढ मसान्त | ७०० | २२ दिन |
| ४ | रमिता गिरी | प्राथमिक | सायल प्रा वि | फागुन | फागुन | ७०० | २२ दिन |

निर्णय नं ७

आर्थिक वर्ष २०८०/०८१ मा यस बुढीगंगा नगरपालिका द्वारा ठेक्का सम्झौता गरी संचालनम रहेका तपशिल बमोजिमका बहुवर्षिय योजनाहरुको म्याद समाप्त भएका तर निर्माण कार्य सम्पन्न नभएकाले सार्वजनिक खरिद नियमावली २०७९ को नियम १२९ को उपनियम ३ र २ बमोजिम म्याद थपका लागि सिफारिस भई आएकोमा नियमानुसार म्याद थप गर्ने निर्णय गरियो ।

क) Contruction & Upgrading with premix carpet of Taprisera-Brahamtola Road-BM-02, (BM/NCB/W/R01/2079-080)

ख) Contruction & Upgrading with premix carpet of Betalmandu-Trisakti Road-BM- (BM/NCB/W/R02/2079-080)

ग) RCC Pavement Works of Bamka-Nagarpalika Road (BM/NCN/W/R03/2079-080)

निर्णय नं ८

क) बुढीगंगा नगरपालिका अन्तर्गत चालु आर्थिक वर्षमा संचालन भई भुक्तानी गर्न बाकी रहेका तर विभिन्न नियामक निकायबाट अनुसन्धानको क्रममा रहेका योजनाहरुको सम्वन्धमा पछिल्लो प्रगती अवस्था सहित भुक्तानीको लागि जवाफ सम्वन्धित निकायमा माग गर्ने । तोकिएको समयभित्र जवाफ नआएमा अर्को आर्थिक वर्ष २०८३/०८४ मा भुक्तानी हुने गरी दायित्वमा राख्ने निर्णय गरियो ।

ख) बुढीगंगा नगरपालिका कृषि विकास शाखाको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रसायनिक मल खरिद गरी वितरण गरेकोमा अपूग भएको २७ मेट्रिक टन रसायनिक मल थप माग बमोजिम खरिद भएकोमा उक्त शाखाको फलफुल विकास कार्यक्रमबाट बाकी भुक्तानी गर्न अनुमती दिने निर्णय गरियो ।

ग) बुढीगंगा नगरपालिका वडा नं ०३ स्थायी वासिन्दा नगर सभा सदस्य श्री कल्पना देवी थापाको मिति २०८३ बैशाख २९ गते दुर्घटनामा परी असमायिक निधन भएकोमा कार्यपालिका बैठकले दुख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरियो ।

CamScanner